## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०४ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीको संसदको दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपतिको अभिभाषणमा धन्यवाद प्रस्तावमाथि लोकसभामा जवाफ जारी।

२. क्यान्सरको बारेमा जनचेतना जगाउने र यसको रोकथाम गर्ने उद्देश्यसगै आज क्यान्सर दिवस विश्वभर पालन।

३. पश्चिम बङ्गालका राज्यपाल सीभी आनन्द बोसले राज्यको विकासका लागि केन्द्र र राज्य सरकारबीच समन्वय आवश्यक रहेको बताउनु भएको छ।

४. खरसाङमा 6/8 गोर्खा राइफल्सको 77 औं स्थापना दिवस समारोह भव्यताको साथमा पालन।

५. एकै दिनमा पाँच डिग्रीको गिरावट दर्ता सगै राज्यको राजधानी कोलकाताको तापक्रममा आज एक्कासि गिरावट आएको छ।

**प्रधानमंत्री-धन्यवाद प्रस्ताव**

प्रधानमन्त्री नरेन्द्र मोदीले भनुनुभयो उँहाको सरकारले गरीब मानिसहरुको कल्याणका लागि कैयन कदम उठाएको छ, यसको परिणामस्वरूप 25 करोड़ मानिसहरु गरीबी देखि बाहिर आएका छन्। उँहाले भन्नुभयो यो सरकारको प्रतिबद्धता, समर्पण र कड़ा मेहनतको कारणले नै संभव भएको हो। आज लोकसभामा, संसदको संयुक्त बैठकमा राष्ट्रपतिको अभिभाषण माथि धन्यवाद प्रस्ताव बारे चर्चाको जवाफ दिँदै प्रधानमन्त्रीले यस्तो बताउनुभयो।राष्ट्रपतिको अभिभाषणको प्रशंसा गर्दै प्रधानमन्त्रीले भन्नुभयो उँहाको भाषण प्रेरणादायक छ, र यसले सरकारको विकसित भारतको प्रयासहरुलाई थप बल मिल्नेछ। सरकारद्वारा गरिएको उपायहरु बारे प्रकाश पार्दै प्रधानमन्त्रीले गरीबहरुका लागि चार करोड़ घर, 12 करोड़ शौचालय निर्माण गरिएको भन्दै , यसले करोड़ौ मानिसहरु, विशेषगरि महिलाहरुको जीवन सहज भएको बताउनुभयो।

****** ० ******

**विश्व कैंसर दिवस**

आज विश्व क्यान्सर दिवस। क्यान्सरको बारेमा जनचेतना जगाउने र यसको रोकथाम, पहिचान र उपचारमा प्रोत्साहन गर्ने उद्देश्यले ४ फरवरीको दिन यो दिवस मनाउने गरिन्छ। यस वर्षको नारा 'युनाइटेड बाय युनिक' रहेको छ। नयाँ दिल्लीस्थित एम्सको ऑन्कोलॉजी विभागका प्रोफेसर डॉ. एम. डी. रे ने आकाशवाणी समाचारलाई दिएको विशेष अन्तर्वार्तामा क्यान्सर निको नहुने (लाइलाज) रोग भएको बताउदै 'मानिसहरुले नियमित रुपमा आफ्नो स्वास्थ्य परीक्षण गराउनु पर्ने तथा क्यान्सरबाट बच्नका लागि सावधानीका उपायहरु अपनाउने सुझाउ दिनुभयो।

****** ० ******

**राज्यपाल**

पश्चिम बङ्गालका राज्यपाल सीभी आनन्द बोसले राज्यको विकासका लागि केन्द्र र राज्य सरकारबीच समन्वय आवश्यक रहेको बताउनु भएको छ। यसका साथै उहाँले सङ्घीयताको भावनालाई कायम राख्दै आर्थिक र पूर्वाधार विकासमा नयाँ उचाई लिन, राज्य सरकारले केन्द्रको योजनाहरूको पूर्ण लाभ लिनुपर्नेमा जोड दिनुभयो। कोलकाताको राजभवनमा एक समाचारलाई दिएको विशेष अन्तर्वार्तामा उहाँले राज्यमा राजनीतिक हिंसाका शिकायतहरू सुन्न स्थापना गरिएको "पीस रूम ले राज्य र राजभवनबीचको मदभेद बारेमा खुलेर कुरा गर्नुभयो।

बजेट २०२५-२६ को सन्दर्भमा राज्यपाल बोसले यसमा बङ्गाललाई अगाडि बढाउने धेरै अवसरहरू प्रदान गरेको उल्लेख गर्दै केन्द्र सरकारले राज्यहरूलाई एक लाख पचास हजार करोडको ब्याजमुक्त ऋण दिने घोषणालाई महत्वपूर्ण पहल बताउनु भयो। उहाँले अझै भन्नुभयो यस बजेटमा कृषि, एमएसएमई, पर्यटन, स्वास्थ्य र पूर्वाधारमा विशेष ध्यान दिइएको छ। बङ्गालले नयाँ योजनाहरूको फाइदा लिनुपर्छ, विशेष गरी कृषि क्षेत्रमा, ताकि राज्यका किसानहरूको आय बढाउन सकियोस्।

****** ० ******

**दार्जीलिङ नगरपालिका**

दार्जीलिङ नगरपालिकाले हिल्दारी संस्थाको सहयोगमा बतासे लुप नजिक निर्माण भएको सुन्दरीकरणकार्यको आज नगरपालिका अध्यक्ष दिपेन ठकुरीको बाहुलीबाट उद्घाटन गरेको छ। त्यस स्थानमा यस अघि मैला कुचेला फ्याक्ने गरिन्थ्यो भयो उक्त स्थानलाई सफा गरि रिसाइकल गरिएको प्लास्टिक बाट बनिएको बेन्चीहरु राखिएको छ। उक्त स्थानलाई टुरिष्ट फ्रेण्डली स्थान बनाउनुको साथै मेक दार्जीलिङ क्लिन ,मेक दार्जीलिङ बेटरको सोचले नगरपालिका अघि आएकोले सबैलाई सहयोग गर्ने तथा मैलाकुचेला उचित स्थानमा फ्याक्ने अपिल नगरपालिका अध्यक्ष ठकुरीले गर्नुभयो।

****** ० ******

**6/8 गोर्खा राइफल्स**

खरसाङमा भूतपूर्व सैनिकहरुले 6/8 गोर्खा राइफल्सको 77 औं स्थापना दिवस समारोह भव्यताको साथमा पालन गरेका छन्। स्थानीय नयाँ बजारस्थित सार्वजनिक भवनमा एक समारोहमा खरसाङ वाहेक दार्जिलिङ, कालेबुङ, तराई र सिक्किम क्षेत्रका 6/8 गोर्खा राइफल्सको भूतपूर्व सैनिकहरुको उपस्थिति थियो। शहीदहरुलाई श्रध्दाञ्जली अर्पणसगै शुरुवात गरिएको कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिएको थियो। स्मरण रहोस 4 फरवरी 1948 सालमा 6/8 गोर्खा राइफल्सको स्थापना भएको थियो भने यसले देश रक्षामा ठुलो भूमिका निभाएको छ।

****** ० ******

**गोरामुमो**

गोरामुमो खरसाङ विधानसभा क्षेत्रका प्रतिनिधिवर्ग लिएर आज खरसाङको गोर्खा जन पुस्तकालयमा एउटा आकस्मिक सभा सम्पन्न भयो। गोरामुमो खरसाङ ब्राञ्च कमिटी अध्यक्ष निमा लामाको अध्यक्षतामा बसेको सभामा मिरिक ब्राञ्च कमिटी अध्यक्ष महेन्द्र छेत्री, केन्द्रीय समिति सदस्यगण, भ्रातृ संगठन, भुतपुर्व सैनिक संगठन, गोरायुमो प्रतिनिधिवर्ग, गोरानासंका प्रतिनिधिवर्ग उपस्थित रहेका थिए। सभामा खरसाङ विधानसभा क्षेत्रका विषय अनि अब सम्पन्न हुने त्रिपक्षीय वार्ता विषय लिएर व्यापक छलफल गरिएको जानकारी प्राप्त भएको छ।सभामा प्रतिनिधिवर्गले वर्तमान राजनैतिक परिवेश विषय लिएर आ-आफ्नो सम्बोधन राखेका थिए। सभापछि निमा लामाले पत्रकारहरुलाई सम्बोधन गर्दै भने, सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ गोलेले आगामी १० फरवरी २०२५ को दिन सम्पन्न हुने बैठकमा यहाँको क्षेत्रीय मुद्दाहरुलाई छलफल गरिने भन्ने विषयलाई स्वागत जनाउँदै मुख्यमन्त्री प्रेमसिंह तामाङ गोलेप्रति आभार व्यक्त गर्नुभयो।

****** ० ******

**एच पी डब्लु यु**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको भातृ संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको सभा पार्टी कार्यालयमा सागर गुरुङको अध्यक्षतामा सम्पन्न भएको छ। सभामा संगठनलाई दह्विलो बनाउन खरसाङ महकुमा समितिमा थप प्रतिनिधिहरु नियुक्त गरिने विषयमा चर्चा परिचर्चा गरिएको थियो भने प्रत्येक बगान युनिटको समस्याहरुलाई लिएर डीटीए र आईटीएमा सभा बसेर समाधान गर्ने प्रस्ताव पारित गरिएको छ। यसका साथै संगठनमा निष्क्रिय प्रतिनिधिहरुका स्थानमा नयाँ पदाधिकारीहरु नियुक्त गरिने विषयमा सभामा प्रस्ताव पारित गरिएको छ।

****** ० ******

**सिक्किम**

सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले 13औं स्थापना दिवस यस वर्ष निर्वाचन क्षेत्रस्तरमा पालन गरिरहेको छ। 31 वटै निर्वाचन क्षेत्रमा पार्टीले आयोजना गरिरहेको स्थानमा दिवस समारोहलाई सम्बन्धित क्षेत्र विधायकले नेतृत्व गरेका थिए। यसैबीच पार्टीको स्थापना दिवसको अवसरमा एसकेएम पार्टीका अध्यक्ष तथा मुख्यमन्त्री पीएस गोले रिनाक निर्वाचन क्षेत्रको पाचेखानी

अन्तर्गत बेङ्थाङ टारमा आयोजना गरिएको समारोहमा सहभागी हुनुभयो। गत विधानसभा चुनाउमा रिनाकको विधायकका रुपमा निर्वाचित बनेपछि क्षेत्रमा पहिलो पल्ट सार्वजनिक समारोहमा भाग लिन रिनाक क्षेत्रमा पुगेका मुख्यमन्त्री पीएस गोलेलाई स्थानीयहरूले भव्य रुपमा स्वागत जनाए।

****** ० ******

**सालबारी**

डा. इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानको आयोजनामा सालबारी स्थित एक निजी क्यांफेमा डा. इन्द्रबहादुर राईको ९७औं जन्म जयन्तीसँगै प्रतिष्ठानमाथि विषद चर्चा परिचर्चा सम्पन्न गरियो। कार्यक्रमको प्रथम चरणमा परिवारको पक्षमबाट देशपथ राई, केवल राईले डा. राईको तस्वीरमा श्रद्धा अर्पण गरेपछि साहित्यकार विन्द्या सुब्बा, पेम्पा तामाङ, डा . वीणा हाङखिम, अमला क्षेत्री सुब्बाको बाहुलीबाट दीप प्रज्वलन गरेर श्रद्धाञ्जली अर्पण गरियो। पत्रकार सबिता संकल्पद्वारा सञ्चालन गरिएको यस कार्यक्रमको मणिकुमार प्रधानले डा.इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानको स्थापनाको उद्देश्य र परिकल्पना विषयबारे प्रकाश पारे भने विन्द्या सुब्बा, सतीश रसाईली, विमल राई, पेम्पा तामाङ, नरेश चन्द्र खाती, मोहन ठकुरी, ज्ञानेन्द्र खतिवडा, सञ्जय वान्तवालगायत अन्यले आ-आफ्नो वार्ता राखे।

****** ० ******

**इन्द्रबहादुर**

मानव उत्थान सेवा समिति खरसाङ तहसिल बालासन  शाखाद्वारा हिजो नेपाली साहित्यका धरोहर डा. इन्द्रबहादुर राईको ९८ औ जन्म जयन्ती भव्यताका साथ बालासन खोलाको बगरमा पालन गर्यो। कार्यक्रमको पूर्वार्धमा माउसेस बालासन शाखाले वर्तमान नेहुर बालासनको फेदीमा अवस्थित बगरमा ग्यामनसित जोड्ने विशाल पूलको कार्यमा श्रमदान दिदै कार्यहरु गरे। नेहुर बालासन शाखाबाट लगभग ३० जना भन्दा अधिक  सदस्य सदस्याहरुले बिहानदेखि कामहरु गर्दै उत्तरार्धमा नेपाली साहित्यका शिखरपुरूष डा. इन्द्रबहादुर राईको ९८औ जन्मजयन्ती पालन गर्यो।

****** ० ******

**जिल्ला-अदालतका**

सूचना नदिइकन पाइखाना भत्काइएको भन्दै दार्जीलिङ जिल्ला अदालतका अधिवक्ताहरूले काम नगर्ने घोषणा गरेका छन्। दार्जीलिङ जिल्ला अदालतका अधिवक्ताहरूले आगामी 11 फरवरीसम्म आफ्नो कुनै काम नगर्ने भएका छन्।  जिल्ला अदालतभित्र रहेका दुईवटा पाइखाना अधिवक्ताहरू वा दार्जीलिङ बार एसोसिएशनलाई कुनै सूचना नदिइकन नै भत्काइएको कारण नै यहाँका अधिवक्ताहरूले यस्तो निर्णय लिएको बताइएको छ।

****** ० ******

**मौसम**

एकै दिनमा पाँच डिग्रीको गिरावट दर्ता सगै राज्यको राजधानी कोलकाताको तापक्रममा आज एक्कासि गिरावट आएको छ । यद्पी आगामी दिनमा फेरि तापक्रम बढ्ने सम्भावना रहेकाले यो चिसोको अन्तिम झलक हुनसक्ने मौसम विभागले संकेत गरेको छ । यसैबीच अलीपुर मौसम विज्ञान विभागका अनुसार यस हप्ता पश्चिम बङ्गालको मौसममा उतारचढाव जारी रहनेछ। बुधबारसम्म हल्का चिसो महसुस हुने भए पनि बिहीबारदेखि फेरि तापक्रम दुईदेखि तीन डिग्रीसम्म बढ्न सक्ने बताइएको छ । यसका साथै उत्तरी बङ्गालको दार्जिलिङ, जलपाईगुडी, कूचबिहार र उत्तरी दिनाजपुरमा बाक्लो कुहिरोका कारण भिजिबिलिटी ५० मिटरसम्म झर्ने अनुमान गरिएको छ।

****** ० ******